## जेन-जीको नेतृत्वमा भएको जनआन्दोलनको जनादेश सम्बन्धमा जनआन्दोलनकारी र राज्यपक्षबीचको प्रस्तावित सम्झौतापत्र

### प्रस्तावना

देशमा दशकौँदेखि व्याप्त कुशासन, भ्रष्टाचार, जवाफदेहिताको अभाव, अपारदर्शिता, सार्वजनिक संस्थाहरूमा भएको दलीयकरण र दण्डहीनता विरुद्ध आम नेपाली जनताको असन्तुष्टि र आक्रोशको परिणाम स्वरूप २०८२ साल भाद्र २३ गतेबाट जेन-जीद्वारा सुरुवात गरिएको जनआन्दोलनको नेतृत्व गर्दै,

यस जनआन्दोलनका क्रममा भएका अपूरणीय मानवीय, सामजिक, मानसिक, भौतिक, आर्थिक तथा अन्य सबै प्रकारका क्षतिप्रति खेद व्यक्त गर्दै,

नेपाल सरकारद्वारा नेपालको संविधानले सुनिश्चित गरेको मौलिक हकको गम्भीर उल्लङ्घनको आलोचना गर्दै,

जेन-जीको नेतृत्वमा भएको जनआन्दोलनको मागहरूलाई व्यवहारमा उतार्न पारदर्शी, जवाफदेही, समावेशी र दक्ष अन्तरिम नागरिक सरकार गठन गर्नु पर्ने परिस्थितिलाई स्वीकार गर्दै,

नेपालको वर्तमान अन्तरिम नागरिक सरकारको प्रधानमन्त्रीको रूपमा पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नियुक्तिलाई समर्थन गर्दै,

नेपालका प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिद्वारा प्रतिनिधि सभा विघटन गर्ने निर्णयलाई स्वीकार गर्दै,

नेपालको वर्तमान अन्तरिम नागरिक सरकारले यस सम्झौतामा उल्लिखित बुँदाहरूको कार्यान्वयनका लागि गरिसकेका निर्णयहरूको समर्थन गर्दै,

दिगो, जनपक्षीय र स्थिर सरकार निर्माणका लागि जनसङ्ख्याको आधारमा पूर्ण समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा राष्ट्रिय संवाद गर्नुपर्ने आवश्यकतालाई आत्मसात गर्दै,

नेपालमा विभिन्न कालखण्डमा भएका नारीवादी आन्दोलन, आदिवासी आन्दोलन, दलित आन्दोलन, मुस्लिम आन्दोलन, मधेश आन्दोलन, थरुहट आन्दोलन, नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष लगायतका हरेक आन्दोलनहरूबाट हासिल गरिएको सम्मानपूर्वक बाँच्न पाउने हक, लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, अभिव्यक्ति, साङ्गठनिक र प्रतिरोधको स्वतन्त्रता, समानतामा आधारित समावेशी राज्य प्रणाली र सामाजिक र आर्थिक न्याय सुनिश्चित गर्दै नेपाली जनताले जारी गरेको नेपालको संविधानलाई सम्मान गर्दै,

नेपाली जनताले प्रयोग गर्ने डिजिटल माध्यमलाई वैध नागरिक वृत्तको रुपमा संरक्षण गर्दै यस जनआन्दोलनका क्रममा आन्दोलनकारी र युवाहरूले प्रयोग गरेका नयाँ डिजिटल माध्यम, सांस्कृतिक प्रतीक र सिर्जनात्मक अभिव्यक्तिलाई वैध नागरिक राजनीतिक संलग्नताको रूपमा आत्मसात गर्दै, सामाजिक, आर्थिक, राजनीतिक, संरचनागत विभेदले संस्थागत गरेको गरिबी, सीमान्तीकरण, बहिष्करण, आर्थिक शोषण र स्रोत साधनको दोहन अन्त्य गर्ने दिगो सङ्कल्प लिँदै,

Scanned with CamScanner

राज्यका स्रोत साधनसम्म हरेक नेपालीको न्यायिक पहुँच र ती स्रोत साधनको समतामूलक वितरण, बाँडफाँड र दिगो प्रयोग गर्ने दायित्वलाई आत्मसात् गर्दै,

सुशासन, समावेशिता र जनसहभागिता सुनिश्चित गर्दै, सङ्घीयतालाई थप सुदृढ बनाउँदै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणमा जोड दिँदै, निःशुल्क तथा पहुँचयुक्त शिक्षा, स्वास्थ्य, रोजगार, आवास, भूमि, भाषा र सांस्कृतिक, लैङ्गिक तथा सामूहिक अधिकारहरुको कार्यान्वयन र स्थानीय उद्योगहरूको पुनरुत्थान तथा सुदृढीकरण र उद्यम, नवप्रवर्तन तथा अन्वेषणलाई राज्यका भावी नीति, कार्यक्रम तथा नेतृत्वले उच्च प्राथमिकता दिनुपर्ने विषयमा जोड दिँदै,

यस आन्दोलनका क्रममा राष्ट्रको सार्वजनिक सम्पत्तिमा पुगेको क्षतिका लागि पुनर्निर्माण लगायतका कार्य गर्दा तथा यस सम्झौताको कार्यान्वयन गर्दा पारदर्शिता एवम् मितव्ययिता अपनाउनुपर्ने विषयमा जोड दिँदै,

आम नेपाली जनतालाई प्रतिनिधित्व गर्ने जेन-जी जनआन्दोलनबाट प्राप्त जनादेश बमोजिम संविधानको सर्वोच्चतालाई अङ्गीकार गर्दै नेपाल सरकार र जेन-जी आन्दोलनकारीका बीचमा देहायका बुँदामा सम्झौता भएको छ:

**१. शहीद र घाइतेको त्याग र बलिदानलाई सम्मान तथा न्याय, परिपूरण र अर्थपूर्ण स्मृतिकरणका सम्वन्धमा**

१.१. वि.स. २०८२ साल भाद्र महिना २३ देखि २५ गते जेन-जी जनआन्दोलनका क्रममा तत्कालीन सरकारले गरेको क्रुर दमन, हिंसा र सुरक्षा संयन्त्रको बर्बरताबाट जनसंहार गरिएका जनआन्दोलनकारी र सर्वसाधारणलाई शहीद घोषणा गर्दै, शहीद र शहीद परिवारको तथा जनआन्दोलनमा घाइते भएका व्यक्तिको आवश्यकता र माग तत्काल सम्बोधन गर्न शहीद परिवार र घाइतेसँग समन्वय गरी अन्तरिम राहत र निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था सुनिश्चित गर्ने;

१.२. शहीद परिवार तथा घाइतेहरूको दीर्घकालीन आवश्यकता तथा माग सम्बोधन, परिपूरण र अर्थपूर्ण स्मृतिकरणका लागि शहीद परिवार र घाइतेको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी उनीहरूसँग समन्वय गरी परिपूरण र अर्थपूर्ण स्मृतिकरण नीति बनाई निजहरूको आवश्यकता सम्बोधन गर्न शहीद परिवार र घाइतेको प्रतिनिधित्व सहितको एक स्वतन्त्र निष्पक्ष आयोग गठन गर्ने र सो आयोगले गरेका सिफारिस नेपाल सरकारले कार्यान्वयन गर्ने,

**२. भाद्र २३ देखि २५ का घटनाको अनुसन्धान, अभियोजन र पुनः नदोहोरिनका लागि संस्थागत सुधार सम्बन्धमा**

२.१. नेपाल सरकारले गठन गरेको जाँचबुझ आयोगले शीघ्र निष्पक्ष र प्रभावकारी छानबिन तथा अनुसन्धान गरी यस जनआन्दोलनको क्रममा भएका हत्या र अन्य सम्पूर्ण मानवअधिकार उल्लङ्घनका घटनामा संलग्न तत्कालीन सरकारपक्षका सबै पदाधिकारीलाई अभियोजन र सजायको लागि सिफारिस गर्ने,

२.२. सङ्क्रमणकालीन न्यायका आधारभूत सिद्धान्त, सत्य निरुपण तथा मेलमिलापको प्रकृया अपनाई, यस जनआन्दोलनका क्रममा विभिन्न व्यक्ति वा समूहले आपराधिक मनसाय राखेर सुनियोजित वा सङ्गठित तरिकाले गरेका हिंसात्मक कार्यहरूलाई अभियोजन गर्नुपर्ने कार्य र अभियोजन गर्न नहुने कार्यहरुलाई पूर्वाग्रहरहित र न्यायोचित ढंगले परिभाषित गर्न जेन-जी तथा युवा समूहको प्रतिनिधित्व हुने गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय मानव अधिकार कानून र संक्रमणकालीन न्याय तथा द्वन्द्व व्यवस्थापन विशेषज्ञहरु भएको एक सक्षम र स्वतन्त्र न्यायिक आयोग गठन गर्ने; सो आयोगले माथि उल्लिखित

घटनाको बारेमा निष्पक्ष रुपमा अनुसन्धान गरी सजायको मागदाबी सहित अभियोजनको सिफारिस समेत गर्ने,

२.२.१. यस जनआन्दोलनसँग सम्बन्धित विषयमा यस आयोग बाहेक अन्य कुनै निकायले क्षेत्राधिकार ग्रहण गर्न नपाउने र आयोगले सिफारिस गरेका घटनाहरु बाहेक अरु कुनै घटना भविष्यमा कुनै पनि निकायले अभियोजन गर्न नपाउने,

२.२.२. आयोगले सिफारिस गरेका घटनामध्ये जघन्य अपराध बाहेक अन्य कुनै घटनामा प्रहरीले जनआन्दोलनकारीलाई पक्राउ गरी अभियोजन गरेको छ भने ती मुद्दालाई सरकारले मुलतबीमा राखी, ज्यान मार्ने कसूर र करणी सम्बन्धी कसूर बाहेक अन्य घटनामा पक्राउ परेका थुनुवालाई तत्काल थुनामुक्त गरी सो अनुसन्धान गर्ने अधिकार आयोगमा हस्तान्तरण गर्ने,

२.२.३. आयोगले गरेको अनुसन्धानबाट आपराधिक मनसाय राखेर सुनियोजित वा सङ्गठित तरिकाले गरेका हिंसात्मक कार्यमा संलग्न रही दोषी देखिएका व्यक्तिहरूका सम्बन्धमा बुँदा नं. २.२.२. बमोजिम मुलतबीमा राखेका मुद्दाहरूलाई जगाई बाँकी सबै मुद्दा फिर्ता लिन नेपाल सरकारलाई आवश्यक निर्देशन दिन सक्ने,

२.२.४. आयोग गठन भएको ९० दिन भित्र आफ्नो काम सम्पन्न गरी अभियोजनका लागि सिफारिस गर्ने,

२.३. यस जनआन्दोलन लगायत नेपालका विभिन्न आन्दोलनका क्रममा नेपालका सुरक्षा निकायबाट भएका अपराध, अन्यायपूर्ण र गैरकानूनी बल प्रयोगको वास्तविक कारण पत्ता लगाई, भविष्यमा यस्ता घटना पुनः नदोहोरिने सुनिश्चितताका लागी नेपालको प्रचलित कानून, नेपालका सुरक्षा निकायहरूको कमी कमजोरी र अन्य कारणहरू समेत पत्ता लगाई, सो कानून र सुरक्षा निकायमा गर्नुपर्ने संस्थागत सुधारको दस्तावेजीकरण गरी सुधारात्मक व्यवस्थाहरू सिफारिस गर्न एक संयन्त्रको गठन गरी सो संयन्त्रको सिफारिस संस्थागत र कार्यान्वयन गर्न आवश्यक कानूनी पूर्वाधार तयार गर्ने,

२.४. माथिका सबै आयोग र संयन्त्रले कार्यसम्पादन गर्दा समाजशास्त्र, कानून, पत्रकारिता तथा सूचना प्रविधिका विषयविज्ञ जेनजी तथा ३५ वर्ष सम्मका युवाप्रतिनिधिसहितको सल्लाहकार समितिसँग अनिवार्य परामर्श गरी गठन भएको ९० दिनभित्र आफ्नो प्रतिवेदन सार्वजनिक गर्ने,

**३. संस्थागत भ्रष्टाचार, सार्वजनिक संस्थाहरूको दलीयकरण र दलीय भागबण्डाका आधारमा गरिने नियुक्तिको अन्त्यका सम्बन्धमा**

३.१. सबै खाले भ्रष्टाचार, अख्तियार दुरुपयोग र राजनीतिक नेता तथा सार्वजनिक एवम सरकारी पदमा नियुक्त, निर्वाचित वा मनोनित भएकाहरूको जीवनशैली, आयस्रोत र अकुत सम्पत्ति आर्जनका सम्बन्धमा नेपाल सरकार र सम्बन्धित निकायले यथाशीघ्र निष्पक्ष छानबिन गरी दोषीलाई कानूनी कारबाहीको प्रक्रिया प्रारम्भ गर्ने,

३.२. भ्रष्टाचार, सार्वजनिक संस्थाहरूको दलीयकरण र दलीय भागबण्डाका आधारमा गरिने नियुक्तिको अन्त्य गर्न सो सँग सम्बन्धित कानूनमा गर्नुपर्ने सुधार तथा भएका कानूनको प्रभावकारी कार्यान्वयनका विषयमा, अध्ययन गर्न नेपाल सरकारले जेन-जी र युवा सहितको एक कार्यदल गठन गरी आवश्यक संशोधनको प्रक्रिया अघि बढाउनका लागि सो कार्यदलले सरकारसमक्ष यथाशीघ्र सिफारिस गर्ने,

Scanned with CamScanner

३.३. सार्वजनिक जग्गा, सम्पत्ति र कोषको प्रयोग गरी देशभर सञ्चालनमा रहेका प्रतिष्ठान, कोष, केन्द्रमा सार्वजनिक पहुँच र पारदर्शिता सुनिश्चित गरी तिनको सम्पत्ति, आर्थिक लगायतका गतिविधिको छानबिन गरी कुनै प्रकारको अनियमितता वा गैरकानूनी गतिविधि देखिएमा तिनलाई खारेज गरी तिनको सम्पूर्ण सम्पत्ति राष्ट्रियकरण गर्ने,

३.४. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५१ लगायत अन्य आवश्यक प्रचलित कानूनमा संशोधन गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जोसुकैबाट प्रत्यक्षरूपमा उजुरी प्राप्त गर्न सक्ने गरी पहुँचयुक्त संरचना तयार गरी, प्राप्त भएका सबै उजुरीकर्ताहरुको गोपनियता कायम गरी ३० दिनभित्र प्रारम्भिक अनुसन्धान गरी सोको अध्यावधिक राखी सार्वजनिक माध्यमबाट अनिवार्य जानकारी गराउने व्यवस्था गर्ने,

३.५. नेपालमा निकै लामो समयसम्म प्रशासनिक निकायको पुनर्संरचना, सेवा प्रवाहको प्रकृयालाई थप सहज र सरल बनाउनका लागी संवाद न्यून रहेको अवस्थालाई तथा यसको प्रभावकारिता र यहाँ हुने सबै खाले भ्रष्टाचारको न्यूनीकरण गर्दै उन्मूलन गर्न बृहत अनुसन्धान र सुधार जरुरी रहेकाले नेपालको प्रशासनिक निकायको प्रभावकारिता बढाउन आवश्यक कानूनी सुधारका लागि सरकार समक्ष सिफारिस गर्ने जेन-जी र युवा सहितको एक कार्यदल गठन गर्ने, सो कार्यदलले नेपालको प्रशासनिक निकायको प्रभावकारीता बढाउन ल्याउनु पर्ने सुधारको अध्ययन, अनुसन्धान गरी आवश्यक सुधारको सिफारिस सार्वजनिक गरी कार्यदलले गरेका सिफारिस कार्यान्वयन गर्न आवश्यक पूर्वाधारको विकास गर्ने,

**४. स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचनको सुनिश्चितता सम्बन्धमा**

४.१. आगामी निर्वाचनका लागि मतदाता नामावलीमा नाम दर्ता नभएका योग्य जेन-जी, युवा र सबै नेपाली नागरिकको नाम दर्ता गराउनका लागि शुरू भएको प्रक्रिया सहजीकरण गर्ने, पर्याप्त पूर्वाधार विस्तार गर्ने,

४.२. आगामी निर्वाचनमा प्रवासी नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गर्नका साथै मतदान गर्न सक्ने गरी आवश्यक पूर्वाधार विकास गर्ने, संसारका विभिन्न देशमा औपचारिक तथा अनौपचारिक क्षेत्रमा श्रम गर्ने प्रवासी नेपाली नागरिकहरू तथा प्रवासी नेपाली विद्यार्थीहरूको समेत मताधिकार सुनिश्चित गर्ने गरी पूर्वाधार विकास गर्ने,

४.३. आगामी निर्वाचनदेखि हरेक तहको निर्वाचनमा राजनीतिक दलहरूले गर्ने खर्चको पारदर्शिता सुनिश्चित गर्न निर्वाचनसँग सम्बन्धित कानून संशोधन गरी आगामी निर्वाचन स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित तवरले सम्पन्न गराउन, जेन-जी तथा युवा सहितको कार्यदलको समन्वयमा आवश्यक स्रोत र पूर्वाधार उपलब्ध गराउने,

४.४. सबै राजनीतिक दलको सम्पत्ति विवरण मागी तिनीहरूको स्रोतको छानबिन गरी स्रोत नखुल्ने सम्पत्तिलाई राष्ट्रियकरण गरी आवश्यक कारबाही गर्ने र दोषीलाई निर्वाचनमा प्रतिस्पर्धा गर्न रोक लगाउने,

४.५. आगामी प्रतिनिधि सभा सदस्यको निर्वाचनदेखि प्रतिनिधि सभाको सदस्यको निर्वाचन सम्बन्धी ऐन, २०७४ को अनुसूची-१ मा निर्धारित समानुपातिक प्रतिनिधित्वको प्रतिशत नेपालको संविधानको धारा ८४ बमोजिम कायम रहेको प्रतिनिधि सभाका कूल २७५ जना सदस्यको सङ्ख्यामा नै लागू हुने गरी जनसङ्ख्याको अधारमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरी निर्वाचन गराउन सम्बन्धित ऐनमा तत्काल संशोधन गर्ने,

Scanned with CamScanner

४.६. आगामी प्रतिनिधि सभाको निर्वाचनदेखि हरेक तहको निर्वाचनमा "माथिका कसैलाई मतदान गर्दिनँ" (None of the Above - NOTA), राजनीतिक दलले आन्तरिक प्राथमिक प्रतिस्पर्धा मार्फत उम्मेद्वार चयन गर्नुपर्ने र निर्वाचन आयोगले तयार गर्ने मतपत्रमा राजनीतिक दल र उम्मेद्वारको क्रमाङ्क गोला प्रथाबाट राख्ने बाध्यात्मक व्यवस्था गर्न राजनीतिक दल सम्बन्धी ऐन, २०७३, प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्बन्धी ऐन, २०७४ र अन्य आवश्यक प्रचलित कानूनमा तत्काल आवश्यक संशोधन गर्ने,

**५. नेपालको संविधानमा गर्नुपर्ने सुधारका सम्बन्धमा**

५.१. नेपालको संविधानले सुनिश्चित गरेको नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानूनी राज्य, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लगायत नेपालका संविधानका आधारभूत मर्मलाई अक्षुण्ण राख्दै सुशासन कायम गर्न, अख्तियार दुरुपयोग एवम् भ्रष्टाचार निवारण तथा नियन्त्रण गर्न नेपाली जनताका आकांक्षाको समीक्षा गरी संविधानको प्रभावकारी कार्यान्वयन एवं समयानुकूल संशोधनका लागि जेनजी तथा युवा प्रतिनिधि सहितको एक स्वतन्त्र र उच्चस्तरीय संविधान संशोधन सुझाव कार्यदल गठन गर्ने,

५.२. सो आयोगले निम्न उल्लिखित मुद्दाहरुमा समेत अध्ययन अनुसन्धान र देशभरी स्थानीय तहसँग समन्वय गरी बृहत नागरिक छलफल गरी न्यायपूर्ण र प्रतिनिधीमूलक तवरले सुझाव प्रतिवेदन सार्वजनिक गर्ने:

(क) जनसङ्ख्याको आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचन प्रणालीमा आवश्यक सुधार गर्ने, र अधिकतम परिपूरणीय अधिकारसम्पन्न र अर्थपूर्ण प्रतिनिधित्वको सिद्धान्तलाई आत्मसात गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडिएको वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक रूपमा विविध पहिचान गर्ने समुदाय, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपमा विपन्न खस आर्यको प्रतिनिधित्व सुनिश्चित गर्न सुधारात्मक व्यवस्था,

(ख) प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्राध्यक्ष वा अन्य गणतन्त्रात्मक शासन व्यवस्थाका सम्बन्धमा देशभर बृहत नागरिक छलफल गर्ने,

(ग) राज्यको राष्ट्रप्रमुख, तीनै तहको सरकारको कार्यकारी प्रमुख र मन्त्रीपरिषदको पदावधि दुई पूर्ण कार्यकालसम्म सीमित गर्ने सम्बन्धमा,

(घ) प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको सदस्यताको उमेर हदबन्दी २१ वर्ष देखी ७० वर्षमा सिमित गर्ने,

(ङ) नेपालको संविधानले व्यवस्था गरेका नेपालको न्यायपालिका, संवैधानिक परिषद, संवैधानिक आयोग, र न्यायपरिषदलाई राजनीतिक तथा दलीय हस्तक्षेपबाट पूर्ण रूपमा मुक्त राख्न र स्वायत्त तथा स्वतन्त्र ढङ्गले कार्यसम्पादन गर्न सक्षम बनाउन उक्त आयोगहरूको संरचना तथा पदाधिकारी नियुक्तिको प्रक्रियालाई सुधार गर्ने,

**६. पूर्ण समानुपातिक समावेशीता र सहभागितामूलक प्रतिनिधित्वको सम्बन्धमा**

६.१. नेपाल सरकार मन्त्रिपरिषद र यो सम्झौता बमोजिम बन्ने संयन्त्रहरूमा पूर्ण समानुपातिक समावेशीता तथा अधिकतम परिपूरणीय अधिकारसम्पन्न र अर्थपूर्ण प्रतिनिधित्वका सिद्धान्तका आधारमा महिला,

Scanned with CamScanner

दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पछाडि पारिएका वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक रूपमा विविध पहिचान गर्ने समुदाय, किसान, श्रमिक, उत्पीडित वा पछाडि पारिएका क्षेत्रका नागरिक तथा आर्थिक रूपमा विपन्न खस आर्य लगायतको प्रतिनिधित्व सुनिश्चित गर्ने तथा जेन-जी र युवासहितको एक परामर्श समूह गठन गरी सो को सुझावका आधारमा कार्यभार सञ्चालन गर्ने,

६.२. पूर्ण समानुपातिक समावेशीता र अधिकतम परिपूरणीय अधिकारसम्पन्न र अर्थपूर्ण प्रतिनिधित्वको सिद्धान्तलाई आत्मसात गर्दै अन्तरिम नागरिक सरकारका प्रधानमन्त्री लगायत सम्पूर्ण मन्त्रिपरिषद र आगामी दिनमा गठन हुने नयाँ सरकार समेतले जेन-जी तथा ३५ वर्षसम्मका युवाको अर्थपूर्ण सहभागिताका लागी सल्लाहकार समितिमा जेन-जी तथा युवाको प्रतिनिधित्व अनिवार्य सुनिश्चित गर्ने एवम् सो सल्लाहकार समिति लगायत सम्पूर्ण युवा कार्यसमितिका कार्यविधिहरू जेन-जी समूहहरूद्वारा प्रदान गरिने,

**७. पारदर्शिताको सम्वन्धमा**

७.१. पारदर्शी र जवाफदेही सरकारको अवधारणा अनुरूप सरकारले आफ्ना कामकारबाही, निर्णय तथा खर्चलाई पारदर्शी बनाउने, पारदर्शिता सुनिश्चित गर्ने प्रयोजनका लागि विधि, प्रक्रिया तथा संयन्त्रहरूमा आवश्यक कानूनी तथा प्राविधिक सुधार, समायोजन र परिमार्जन गर्ने । यस्ता निर्णय तथा कार्यलाई सरकारका सूचनापाटी वा वेबसाइट मार्फत मात्र नभई सामाजिक सञ्जाल र आम प्रयोगमा रहेका सूचना सञ्चारका माध्यम मार्फत समेत सर्वसाधारणको सहज पहुँचमा पुर्‍याउने व्यवस्था गर्ने । कम्तीमा पनि हप्ताको एक दिन तिनै तहको सरकारले एउटा मिडिया संवाद गर्ने ।

७.२. नेपालमा विगतमा भएका मानव अधिकार उल्लङ्घनका घटना र भ्रष्टाचारसँग सम्बन्धित छानबिन लगायत जाँचबुझ आयोग ऐन, २०२६ अन्तर्गत गठन गरिएका सबै उच्च स्तरिय छानबिन, जाँचबुझ आयोगका प्रतिवेदन प्रचलित कानूनको अधीनमा रही सार्वजनिक गर्ने,

**८. अभिव्यक्ति स्वतन्त्रता र डिजिटल स्वतन्त्रताको सम्वन्धमा**

८.१. इन्टरनेट र डिजिटल माध्यममा अभिव्यक्ति, सूचना प्रवाह र संवादमा कुनै किसिमको गैरकानूनी नियमन, निषेध वा पूर्वाग्रही सेन्सरसिप हुन नदिन राज्यले आवश्यक कानूनी, भौतिक, र प्राविधिक पूर्वाधारको व्यवस्था गर्ने,

८.२. सर्वसाधारण नागरिकको डिजिटल तथ्याङ्क (डेटा) माथि राज्य वा तेश्रो पक्षको तर्फबाट गैरकानूनी निगरानी र दुरुपयोग हुन नदिन प्रतिबद्धता व्यक्त गर्दै कानूनी, भौतिक र प्राविधिक सुधार सहित आवश्यक पूर्वाधारको व्यवस्था गर्ने,

**९. सम्झौता कार्यान्वयनको अनुगमन**

९.१. यस सम्झौतामा उल्लेख गरिएका सहमतिको कार्यान्वयन तथा त्यसको अनुगमनको लागि सरकार र जेन-जी तथा युवाका तर्फबाट आपसी सहमतिमा नागरिक सम्मिलित समावेशी समिति गठन गरिनेछ,

९.२. अनुगमन समितिलाई पूर्णरूपमा सहयोग गर्ने र अनुगमनका आधारमा दिएका सुझावहरू पालना तथा कार्यन्वयन दुवै पक्षको सहमतिमा गर्ने ।

Scanned with CamScanner

## १०. बाधा पुगेको नमानिने:

१०.१. माथि उल्लेख भएका सबै मागहरु सम्बोधन गर्न यस सम्झौता अन्तर्गत गरिने अन्य सम्झौता पनि यसै सम्झौताको अभिन्न अंग मानिने छ र यो सम्झौताले तोकेको परिधिभित्र रहेर अन्य सम्झौता गर्न बाधा पुऱ्याएको मानिने छैन ।

## ११. राष्ट्रपतिको भूमिका:

११.१. संविधानको मर्म अनुकुल यस सम्झौताको अर्थपूर्ण कार्यन्वयन गर्न नेपालका राष्ट्रपतिबाट संरक्षकत्व प्रदान हुनेछ ।

Scanned with CamScanner